# बीज वृद्धि तथा बीउ बिजनमा आत्मनिर्भरता सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७८

मन्त्रीस्तरबाट स्वीकृत मिति २०७८/०६/११

**प्रस्तावना**

गुणस्तरीय बीउ उत्पादन गरी जिल्लास्तरमा बीउ बिजनमा आत्मनिर्भरताका लागि जिल्लास्तर बीउ बिजन आत्मनिर्भर कार्यक्रम तथा विज वृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग भूमि व्यवस्था, कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालयले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्ष**

क. यो कार्यक्रम मार्फत निरन्तर पाँच वर्षसम्म खाद्यान्नबाली, तरकारी बाली, आलु, तेलहन र दलहन वालीको वीउ उत्पादन कार्यक्रम सञ्चालन गर्न सकिने छ।

ख. यस कार्यक्रम सञ्चालन गर्दा कृषि ज्ञान केन्द्रले सम्बन्धित जिल्लाको लागि आवश्यक पर्ने विभिन्न बालीहरुको उन्नत बीउको परिमाण यकिन गर्नुपर्नेछ।

ग. कृषि ज्ञान केन्द्रले बीउमा आत्मनिर्भरता कार्यक्रम सञ्चालन गरिने बालीहरुको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त बालीहरुको वार्षिक बीउ उत्पादन परिमाण प्रक्षेपण गरी आत्मनिर्भरता सम्बन्धी ५ वर्षे कार्ययोजना तयार गर्नुपर्नेछ।

घ. यस कार्यक्रम सञ्चालन हुने जग्गामा सम्बन्धित बालीको आवश्यकता बमोजिम सिँचाई सुविधा वा श्रोत सुनिश्चित भएको हुनुपर्नेछ।

ङ. वीउ उत्पादनको अनुमति लिएका वा वीउ उत्पादन गर्न ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी संस्था, कृषि कम्पनी, कृषि फर्मले यस कार्यक्रमका सञ्चालनका लागि प्रस्ताव पेश गर्न सक्नेछन्।

च. बीउ उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी कार्यहरु गर्दा गराउँदा बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ को प्रावधान पालना गर्नु पर्नेछ।

**२. आर्थिक पक्ष**

स्वीकृत बजेटको परिधिभित्र रही देहायका कार्यक्रम मध्ये कुनै एक वा एकभन्दा बढी कार्यका लागि बढीमा पचास प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

क. बीउ उत्पादनको लागि आवश्यक पर्ने स्रोत बीउ खरिद गर्न।

ख. आकस्मिक बाली संरक्षण सेवा सञ्चालन गर्न।

ग. उत्पादित बीउलाई सुकाउन, प्रशोधन एवम् भण्डारण गर्नका लागि आवश्यक पूर्वाधार निर्माण गर्न।

घ. बीउ संकलन, प्रशोधन, प्याकेजिङ्ग, लेवलिङ्ग, भण्डारण, बजारीकरणका कार्यका लागि आवश्यक यन्त्र उपकरण खरिद एवम् व्यवस्थापन गर्न।

**३. प्रस्ताव मूल्याङ्कनका आधार**

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| **१.** | **बीउ उत्पादन गर्ने क्षेत्रफल** | **३०** |
| **१.१** | **खाद्यान्नबाली, आलु, दलहन, तेलहन** | |
| क) | तराईमा १ हेक्टर वा पहाडमा ५ रोपनी | १० |
| ख) | तराईमा १ हेक्टर भन्दा बढी भएमा १० अंक प्रदान गरी थप क्षेत्रफलका लागि प्रति हेक्टर क्षेत्रफल २ अंकका दरले थप गरी अधिकतम ३० अंकसम्म प्रदान गर्ने<br>पहाडमा ५ रोपनी भन्दा बढी भएमा १० अंक प्रदान गरी थप क्षेत्रफलका लागि प्रति २ रोपनी १ अंकका दरले थप गरी अधिकतम ३० अंकसम्म प्रदान गर्ने | ३० |

| | | |
|---|---|---|
| १.२ | **तरकारी बाली** | |
| क) | तराईमा ०.२५ हेक्टर वा पहाडमा २ रोपनी | १० |
| ख) | तराईमा ०.२५ हेक्टर भन्दा बढी क्षेत्रफल भएमा १० अंक प्रदान गरी थप क्षेत्रफलका लागि प्रति ०.२५ हेक्टर २ अंकका दरले थप गरी अधिकतम ३० अंकसम्म प्रदान गर्ने<br><br>पहाडमा २ रोपनी भन्दा बढी क्षेत्रफल भएमा १० अंक प्रदान गरी थप क्षेत्रफलका लागि प्रति रोपनी १ अंकका दरले थप गरी अधिकतम ३० अंकसम्म प्रदान गर्ने | ३० |
| २. | **उत्पादन हुने बीउको जात उन्मोचनको समय** | २० |
| क) | वि.सं. २०६५ सा भन्दा पछाडि उन्मोचन भएको | २० |
| ख) | वि.सं. २०५५-६५ साल सम्म उन्मोचन भएको | १५ |
| ग) | वि.सं. २०५५ साल भन्दा अगाडि उन्मोचन भएको | १० |
| | *नोटः नेपालमा दर्ता भएका स्थानीय जातहरुको हकमा क्र.सं. २ अनुरुप मूल्याङ्कन गर्दा दर्ता भएको समयलाई आधार मानेर उल्लिखित आधार अनुसार नै मूल्याङ्कन गर्नुपर्नेछ। | |
| ३. | **बीउ उत्पादक** | १० |
| क) | कृषक समूह वा कृषि सहकारी संस्था भएमा | १० |
| ख) | अन्य (व्यक्ति, फर्म, कम्पनीको हकमा) | ५ |
| ४. | **अनुदानको अवस्था** | १० |
| क) | पछिल्लो दुई आ.व. मा बीउ बिजन उत्पादन एवम् प्रशोधन कार्यका लागि अनुदान प्राप्त नगरेको | १० |
| ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त गरेको | ५ |
| ५. | **बीउ उत्पादन सम्बन्धी अनुभव** | १० |
| क) | औपचारिक रुपमा बीउ उत्पादन कार्यको ५ वर्ष भन्दा बढी अनुभव भएको | १० |
| ख) | औपचारिक रुपमा बीउ उत्पादन कार्यको १ देखि ५ वर्ष सम्मको अनुभव भएको | ५ |
| ग) | बीउ उत्पादन कार्यको पारम्परीक अनुभव मात्र भएको | २ |
| ६. | **बीउ उत्पादन हुने जग्गाको अवस्थिति** | १० |
| क) | बीउ उत्पादन कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा भएको | १० |
| ख) | बीउ उत्पादन कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा नभएको | ५ |
| | नोटः बुँदा ६ को प्रयोजनको लागि बीउ उत्पादन गरिने प्लट बीचको दुरी ५० मिटर भन्दा कम भएमा एउटै क्लष्टरमा भएको सम्झनुपर्छ। | |
| ७. | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (बजारीकरण, दिगोपना, नवीनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक प्रदान गर्ने) | १० |
| | **जम्मा** | १०० |

**४. प्रस्तावसँग संलग्न गर्नु पर्ने कागजातहरु**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु

(ख) कृषक समूह तथा कृषि सहकारी संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि।

(ग) प्रस्तावित जग्गाको जग्गाधनी पूर्जाको प्रतिलिपि/जग्गा लिज करारमा लिई कार्यक्रम सञ्चालन गर्ने भएमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

**५. प्रस्तावको ढाँचा**

(क) आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदकको नाम | ठेगाना |
| कार्यक्रम सञ्चालन गर्ने स्थानको ठेगाना | प्रोपाईटर/ अध्यक्षको नाम<br>सम्पर्क नं |
| सम्पर्क व्यक्ति<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्या |

**ख) सम्बन्धित खेती /व्यवसाय सम्बन्धी विवरण**

| क्रसं | कार्यक्रममा सहभागी हुन चाहने कृषकको नाम | हाल बीउ उत्पादन हुने क्षेत्रफल (हेक्टर/रोपनी) | हालको बीउ उत्पादन (के.जी) | कार्यक्रम सञ्चालनबाट थप हुने क्षेत्रफल (हेक्टर/रोपनी) | थप हुने उत्पादन (के.जी) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(ग) कुल अनुमानित उत्पादन

(घ) कुल रोजगारी सृजना

(ङ) सञ्चालन हुने क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | एकाई | परिमाण | दर रु. | जम्मा लागत रु. | कार्यालयको अनुदान रु. | प्रस्तावकको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आफ्नै लगानीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(च) बजार व्यवस्था (बजार व्यवस्थापनको उपाय)

(छ) माग गरेको जम्मा अनुदान रकम रु.

(ज) अन्य व्यबसायिक योजना

- नवीनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नवीन सोच/ प्रविधि भए उल्लेख गर्नुहोस )

- अन्य केही विषय भए उल्लेख गर्ने :